# बागमती प्रदेश सरकार, मन्त्रिपरिषद् निर्णय

**सम्वत् २०८० साल फागुन ३० गते बसेको बागमती प्रदेश मन्त्रिपरिषद्को बैठकले गरेको निर्णय–**

| सि.नं. | निर्णय |
|---|---|
| १. | भौतिक पूर्वाधार विकास मन्त्रालय अन्तर्गत रहेको ग्रामीण सडक सम्बन्धी आयोजनाको नाम संशोधन गरी "ग्रामीण सडक सञ्जाल सुधार आयोजना — एएफ", आयोजना कार्यान्वयन इकाई, हेटौंडा, मकवानपुर, नेपाल" कायम गर्ने। |
| २. | यातायात पूर्वाधार निर्देशनालय, बागमती प्रदेश, हेटौंडाको रिक्त निर्देशक पदमा प्रदेश ईन्जिनियरिङ्ग सेवा, जनरल उपसमूह, अधिकृत दशौं तहमा कार्यरत श्री पुष्कर प्रसाद पोखरेल (सङ्केत नं. १३७६५७) लाई प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा २३ को उपदफा (१) बमोजिम बढीमा छ महिनाको लागि कायम मुकायम मुकरर गर्ने। |
| ३. | "बागमती प्रदेश जनता आवास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८०" स्वीकृत गर्ने। |
| ४. | "प्रदेश आयोजनाको बहुवर्षीय ठेक्का सम्बन्धी (पहिलो संशोधन) मापदण्ड, २०८०" स्वीकृत गरी प्रदेश राजपत्रमा प्रकाशन गर्ने । |

द्रष्टव्यः निर्णयसँग सम्बन्धित थप जानकारी सम्बन्धित मन्त्रालयबाटै उपलब्ध हुनेछन्।

## बागमती प्रदेश सरकार, मन्त्रिपरिषद् निर्णय

**सम्वत् २०८० साल फागुन ८ गते बसेको बागमती प्रदेश मन्त्रिपरिषद्को बैठकले गरेको निर्णय–**

| सि.नं. | निर्णय |
|---|---|
| १. | प्रदेश सभाको तेह्रौं अधिवेशन मिति २०८०।११।१५ गते मङ्गलवार दिनको ०३:०० बजे आह्वान गर्न माननीय प्रदेश प्रमुख समक्ष अनुरोध गर्ने। |
| २. | प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ८ को उपदफा (९) को प्रतिबन्धात्मक वाक्यांशको खण्ड (ख) बमोजिम भौतिक पूर्वाधार विकास मन्त्रालय अन्तर्गत यातायात पूर्वाधार निर्देशनालय, हेटौंडाको निर्देशक र जिल्ला पूर्वाधार विकास कार्यालय, ललितपुरको सुपरीटेण्डेन्ट इन्जिनियर पद प्रदेश ईन्जिनियरिङ्ग सेवा, सिभिल समूह, जनरल उपसमूहको अधिकृत एघारौं तहको विशेषज्ञ पद हुने गरी तोक्ने। |
| ३. | प्रदेश सहकारी ऐन, २०७६ को दफा ८२ को उपदफा (१) बमोजिम गठित व्यवस्थापन समितिको प्रशासनिक कार्य गर्न चालू आर्थिक वर्ष ०८०/८१ को असार मसान्तसम्मको लागि यसैसाथ संलग्न अनुसूची -१ बमोजिमको अस्थायी दरबन्दी तेरिज स्वीकृत गर्ने। |
| ४. | "प्रदेश स्वयंसेवक ब्यूरो गठन र परिचालन सम्बन्धी कार्यविधि, २०८०" स्वीकृत गर्ने। |
| ५. | पूर्वाधार विकास कार्यालय, काभ्रेपलान्चोकको आ.व. २०८०।८१ को स्वीकृत वजेट तथा कार्यक्रमको खर्च शीर्षक नं. ३११५१ मा रहेको खाक्सी बाटरोशी-३ जोड्ने झोलुंगे पुल, नमोबुद्ध-६ र रोशी-३, काभ्रेपलान्चोक कार्यक्रममा विनियोजित बजेट रु.२५,००,०००।- (अक्षरुपी पच्चीस लाख रुपैयाँ मात्र) नमोबुद्ध नगरपालिकाबाट प्रचलित कानून र स्वीकृत मापदण्ड अनुरूप खर्च गर्ने, लेखा परीक्षण गराउने लगायतको वित्तीय जिम्मेवारी वहन गर्ने गरी बागमती प्रदेश, विनियोजन ऐन, २०८० को दफा ५ को उपदफा (१) बमोजिम अख्तियारी दिने। |
| ६. | "विपन्न दलित सशक्तिकरण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८०" स्वीकृत गर्ने। |
| ७. | "बागमती प्रदेशको शिक्षा नीति, २०८०" स्वीकृत गर्ने। |
| ८. | क) प्रदेश उच्च शिक्षा ऐन, २०७८ को दफा ८ को उपदफा (१)(क) बमोजिम मकवानपुरको हेटौंडामा बागमती प्रदेश सरकारबाट स्थापना हुने बागमती विश्वविद्यालयको प्रस्तावित विधान प्रदेश उच्च शिक्षा नियमावली, २०७९ को नियम ८ को उपनियम (२) बमोजिम पारित गरी उक्त विश्वविद्यालय स्थापनाको लागि सैद्धान्तिक सहमति प्रदान गर्ने।<br>ख) प्रदेश उच्च शिक्षा ऐन, २०७८ बमोजिम विश्वविद्यालय स्थापना गर्न चाहिने आवश्यक न्यूनतम मापदण्ड र पूर्वाधार सम्बन्धी कार्य तथा सार्वजनिक विश्वविद्यालय स्थापना अध्ययन प्रतिवेदनमा उल्लेखित कार्यहरू प्रचलित कानून बमोजिम अघि बढाउन सामाजिक विकास मन्त्रालयलाई निर्देशन दिने। |
| ९. | प्रदेश विनियोजन ऐन, २०८० को अधीनमा रही आर्थिक मामिला तथा योजना मन्त्रालयले मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानलाई रु.२ करोड १० हजार थप बजेट उपलब्ध गराउन स्वीकृति दिने। |
| १०. | "सबै नीतिमा स्वास्थ्य कार्यान्वयन निर्देशिका, २०८०" स्वीकृत गर्ने। |

द्रष्टव्यः निर्णयसँग सम्बन्धित थप जानकारी सम्बन्धित मन्त्रालयबाटै उपलब्ध हुनेछन्।